# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलबस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:. २०८१/०८२

चलानी नं:.

फोन नं: . ०७६५५०३८३-

फ्याक्स नं:. ०७६५५००१४-


## पशुपन्छी बीमाको प्रिमियममा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी सूचना

<u>प्रकाशित मिति २०८१/०५/०२</u>

बाणगंगा नगरपालिकाको आ.ब. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यकम अनुसार **पशुपन्छी बीमाको प्रिमियममा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउने** कार्यकममा सहभागी भई बाणगंगा नगरपालिका भित्रका पशुपालन ब्यवसायमा संलग्न रहेको कृषकहरुले आफनो पशुपन्छीहरुलाई मान्यता प्राप्त बिमा कम्पनीहरुबाट बिमा गराएको भए कृषकहरुले तिर्ने प्रिमियममा थप ५० प्रतिशत रकम अनुदान कार्यक्रममा सहभागी हुन दरखास्त आवह्ननको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले **२०८२ साल जेष्ठ १५ गते** भित्र तोकिएको ढाँचा (अनुसुची - १) बमोजिमको निवेदन तथा उल्लेखित कागजातहरु सहितको आवेदन फारम **पशु सेवा शाखा, बाणगंगा, कपिलबस्तु**मा दर्ता गरिसक्नु पर्नेछ । साथै रित नपुगेको र म्याद नाघी आएको निबेदनहरु कार्यक्रममा समाबेश नहुने ब्यहोरा समेत जानकारीको लागी अनुरोध गरीन्छ ।

<u>तपशील :</u>

१. अनुसुची - १ अनुसारको निबेदन,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ,

३. बिमालेखको प्रतिलिपी ,

४. पशुपन्छीहरुको बिमा गर्दा प्रिमियम बुझाएको सकल रसिद ,

५. बिमा गरेको पशुधनको फोटो ,

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ,

७. बिमा जारीभएको फर्म/व्यक्तिको नाममा बित्तिय बैंकहरुमा खाता रहेको खाता नंम्बर,

भक्तिराम मरासिनी

प्रमुख प्रशासकीय अधिकृत